# स्थानीय राजपत्र


कालिञ्चोक गाउँपालिका, दोलखाद्वारा प्रकाशित

| खण्ड ३ | सङ्ख्या ३ | मिति: २०७६/०३/१८ |
|---|---|---|


**भाग १**

**कालिञ्चोक गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन सङ्ख्या ३

# बृहत्तर कालिञ्चोक क्षेत्र विकास समिति ऐन, २०७६

**प्रस्तावना:** प्रदेश नं ३ अन्तर्गत पर्ने दोलखा जिल्लाको कालिञ्चोक गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम कायम गरिएको एक भौगोलिक तथा प्रशासनिक इकाइ हो । दोलखा जिल्लाको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कालिञ्चोक भगवतीको

नामबाट नामकरण गरिएको यस गाउँपालिकामा जम्मा ९ वटा वडाहरू रहेका छन् । यस गाउँपालिकाको सिमाना पूर्वमा गौरीशङ्कर गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा बिगु गाउँपालिका र दक्षिणमा यसै जिल्लाको भिमेश्वर नगरपालिका रहेको छ । दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट १६ कि.मी. उत्तरमा १३२.४९ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । कालिञ्चोक गाउँपालिकामा जनगणना २०११ को तथ्याङ्क अनुसार पुरुष ८,८४६ र महिला ९,६०३ गरी जम्मा जनसङ्ख्या २२९५४ रहेको छ। सोहि जनगणना अनुरूप यस गाउँपालिकाको जम्मा घरधुरी सङ्ख्या ४,४१८, जनघनत्व २८ प्रति वर्ग कि.मी. र औसत घरधुरी आकार ४.२ रहेको पाइन्छ । कालिञ्चोक गाउँपालिका दोलखा जिल्लाको उत्तरी भूभागमा रहेको गाउँपालिका हो । नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सीमाङ्कन गर्दा यो गाउँपालिका ६ वटा साविकका गाविसहरू (कालिञ्चोक, लापिलाङ, बाबरे, सुनखानी, लामिडाडा र सुन्द्रावतीबाट रूपान्तरण भई स्थापना भएको हो । यस गाउँपालिकामा ९ वटा वडाहरू रहेका छन् ।

कालिञ्चोक गाउँपालिकामा रहेको एक ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेको धरोहरको रूपमा कालिञ्चोक भगवतीको मन्दिर अवस्थित छ । कालिञ्चोक भगवती मन्दिर भगवतीको विभिन्न तीर्थस्थलहरूमध्ये एक प्रमुख तीर्थस्थल हो । यहाँ मनोकांक्षा पूरा हुन्छ भन्ने धार्मिक विश्वासले दर्शन गर्नका लागि धेरै टाढाबाट भक्तजनहरू आउँदछन । यस तीर्थस्थलले स्थानीय रूपमा प्रसिद्धि पाएको भएपनि प्रचार प्रसारको अभावमा अपेक्षाकृत रूपमा वाह्य धार्मिक पर्यटकीय भक्तजनहरू आउन सकेको

अवस्था छैन भने ऐन नियमावली, सञ्चालन कार्य विधि र गुरुयोजनाको अभावका कारण कालिञ्चोक भगवती क्षेत्र ओझेलमा परेको हुनाले उक्त कालिञ्चोक क्षेत्रलाई एकीकृत विकास गरी धार्मिक केन्द्र, पूरातात्विक, धार्मिक अध्ययन, प्रवचन जस्ता कार्य गर्ने तथा धार्मिक पर्यटन क्षेत्रको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२, कालिञ्चोक गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ३ बमोजिम कालिञ्चोक गाउँसभाले यो **"बृहत्तर कालिञ्चोक क्षेत्र विकास समिति ऐन, २०७६"** स्वीकृत गरी लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम **"बृहत्तर कालिञ्चोक क्षेत्र विकास समिति ऐन २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा कालिञ्चोक गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ लाई सझनुपर्छ ।

(ख) **"समिति"** भन्नाले दफा ३ बमोजिम गठित **बृहत्तर कालिञ्चोक क्षेत्र विकास** समिति सम्झनुपर्छ ।

(ग) **“कालिञ्चोक क्षेत्र”** भन्नाले दोलखा जिल्ला कालिञ्चोक गाउँपालिका वडा नं. १, ६, ९ स्थित कालिञ्चोक मन्दिर र कालिञ्चोक सन्यास आश्रमको नाममा रहेका जग्गाहरू तथा कालिञ्चोकसँग सम्बन्धित चर्चिएका जग्गाहरू तथा अन्य आसपासमा रहेको सार्वजनिक जग्गाहरू सम्झनुपर्छ ।

(घ) **“गाउँपालिका”** भन्नाले कालिञ्चोक गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ङ) **“गाउँ प्रमुख”** भन्नाले कालिञ्चोक गाउँपालिकाका प्रमुखलाई जनाउँदछ ।

(च) **“अध्यक्ष”** भन्नाले समितिको अध्यक्ष सम्झनुपर्छ ।

(छ) **“सदस्य”** भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

(ज) **“कार्यकारी निर्देशक”** भन्नाले दफा ६ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) **“तोकिएको” वा “तोकिए बमोजिम”** भन्नाले यस अन्तर्गत बनेको ऐनमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **बृहत्तर कालिञ्चोक क्षेत्र विकास समितिको गठन** :

(१) कालिञ्चोक क्षेत्रको सामाजिक, पूरातात्विक धार्मिक,आर्थिक र साँस्कृतिक पक्षको संरक्षण, सम्वर्द्धन गर्न **बृहत्तर कालिञ्चोक क्षेत्र विकास** समिति नामको एउटा समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:-

(क) गाउँपालिकाका प्रमुख - अध्यक्ष

(ख) गाउँपालिकाका उप-प्रमुख - सदस्य

(ग) गाउँकार्यपालिकाको सामाजिक विकास समितिका संयोजक - सदस्य

(घ) सामाजिक, धार्मिक, आर्थिक, पूरातात्विक र बौद्धिक क्षेत्रमा विशिष्ट योगदान दिंदै आएका र सो क्षेत्रको विकासमा चासो राख्ने व्यक्तिहरूमध्येबाट कम्तीमा एक महिला सहित अध्यक्षले मनोनित गरेका ५ जना - सदस्य

(ङ) कालिञ्चोक गाउँपालिकाका वडा अध्यक्ष र महिला सदस्य सहित २ जना - सदस्य

(च) समितिले मनोनित गरेको पर्यटन सम्वन्धी विज्ञ - सदस्य

(छ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ज) कार्यकारी निर्देशक - सदस्य-सचिव

स्पष्टीकरणः कालिञ्चोक मन्दिर परिसर क्षेत्रभित्र कार्य गर्ने सङ्घ संस्थाका अध्यक्षहरूलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।

(३) मनोनित सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ र निजहरू पुनःमनोनित हुन सक्नेछन्।

(४) समितिले आवश्यकता अनुसार अन्य स्वदेशी वा विदेशी व्यक्तिहरूलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) **बृहत्तर कालिञ्चोक क्षेत्र** विकास सम्बन्धी गुरु योजना बनाई कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(ख) **बृहत्तर कालिञ्चोक** विकाससम्बन्धी योजना र कार्यक्रमको कार्यान्वयनका लागि समितिले स्वदेशी वा विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिसँग सम्पर्क र समन्वय गर्ने ।

(ग) कालिञ्चोक क्षेत्रसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित साँस्कृतिक, धार्मिक, ऐतिहासिक, सामाजिक तथा पूरातात्विक महत्वका वस्तु र स्थानहरूको संरक्षण, सम्वर्द्धन एवं पुनः निर्माण गर्ने, गराउने ।

(घ) कालिञ्चोक क्षेत्रसँग सम्बन्धित पाण्डुलिपि, शिलालेख, ताम्रपत्र तथा मुद्रित सामाग्रीको सङ्कलन र संरक्षण गर्ने, गराउने ।

(ङ) कालिञ्चोक क्षेत्रभित्रका प्राकृतिक सम्पदा, वातावरण तथा पशुपक्षीको रेखदेख तथा संरक्षण गर्ने, गराउने ।

(च) कालिञ्चोक क्षेत्रको महत्व र यसको विकासका निमित्त सभा, सम्मेलन, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गरी श्रव्यदृश्यहरूको निर्माण गरी विभिन्न विद्युतीय, सञ्चारको माध्यमहरू (रेडियो, एफ. एम., टेलिभिजन, वेभसाइट, फेसबुक, पत्र पत्रिका, ब्रोसर, आदि) बाट यसको प्रचार प्रसार गर्ने, गराउने ।

(छ) कालिञ्चोक क्षेत्रको विकास र उन्नतिका निमित्त सरकारी तथा गैरसरकारी संस्थाहरूबीच आवश्यक समन्वय गराउन प्रयत्नरत रहने ।

(ज) कालिञ्चोक क्षेत्रभित्र पर्ने देवालयको उचित संरक्षण, सम्वर्द्धन तथा विकास गर्ने ।

(झ) कालिञ्चोक क्षेत्रमा रहेका शिक्षालय (गुरुकुल), स्वास्थ्य केन्द्र, पुल, ढल, कुलो, कुलेसो, बाटोघाटो, पानी, बिजुली, टेलिफोन, सार्वजनिक शौचालय, धर्मशाला, धार्मिक साधनास्थल, मठ, मन्दिर वातावरणीय सुधार आदि कुराहरूलाई व्यवस्थित गर्ने ।

(ञ) कालिञ्चोक क्षेत्रको धार्मिक तथा साँस्कृतिक महत्वलाई आघात पुऱ्याउने खालका गतिविधिहरूको सञ्चालनमा नियन्त्रण र निषेध गर्ने ।

(ट) कालिञ्चोक क्षेत्रमा दाहसंस्कार गृह/स्थल (घाट) को उचित व्यवस्थापन गर्ने ।

(ठ) कालिञ्चोक क्षेत्र भित्र पार्क, उद्यान, वृद्धाश्रमहरूको निर्माण तथा व्यवस्थापन गर्ने ।

(ढ) कालिञ्चोक क्षेत्रमा परम्परागत धार्मिक तथा सांस्कृतिक महत्व झल्कने खालका मेला महोत्सवहरूको आयोजना गर्ने, गराउने ।

(ण) धार्मिक पहिचान सम्वन्धी लेखन, गायन तथा साङ्गीतिक विधामा योगदान पुऱ्याउने श्रष्टाहरूको सम्मानमा सम्झनयोग्य कार्य गर्ने ।

(त) कालिञ्चोक धाम भित्र रहेका चल अचल सम्पत्तिहरूको संरक्षण गर्ने ।

(थ) समितिको उद्देश्य पूर्तिको लागि आवश्यक अन्य कार्यहरू गर्ने, गराउने ।

(द) कालिञ्चोक क्षेत्रको जग्गा मन्दिर व्यवस्थापनमा प्रतिकूल नहुनेगरी बहालविरौटी कर तोकी व्यवसाय सञ्चालन गर्न दिन सकिनेछ ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** :

(१) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा एक हप्ता अगावै सदस्यहरूलाई दिनुपर्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा गाउँपालिकाका उपाध्यक्ष र निज पनि अनुपस्थित भएमा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षतागर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशकको व्यवस्था गर्ने :**

(१) समितिको कार्यकारी निर्देशक प्रतिस्पर्धात्मक बिधिबाट नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१)कार्यकारी निर्देशक छनोट गरी जिम्मेवारी दिइनेछ कम्तीमा स्नातक तह उत्तीर्ण भई धार्मिक, सामाजिक, पर्यटन, पूरातात्विक तथा योजना निर्माण सम्वन्धी २ वर्ष कार्य अनुभव भएको हुनुपर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि ५ वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य सम्पादन सन्तोषजनक नभएमा कार्यकारी निर्देशकलाई पदावधि समाप्त नहुँदै पदबाट हटाउन सकिनेछ ।

७. **समितिका कर्मचारी** :

(१) समितिले आवश्यकताका आधारमा प्रक्रिया पूरा गरी कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ ।

(२) समितिका कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

८. **समितिको कोष** :

(१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) नेपाल सरकारबाट  प्राप्त रकम ।

(ख) प्रदेश सरकारबाट प्राप्त रकम ।

(ग) स्थानीय तहबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति वा संस्थाबाट सहायता स्वरूप प्राप्त भएको रकम

(ङ) अन्तर्राष्ट्रिय सङ्घ, संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

(च) कालिञ्चोक देवीको मन्दिरमा भक्तजनहरूद्वारा चढाइएको दक्षिणामध्ये समितिले तोकेको रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(ज) कालिञ्चोक क्षेत्रबाट प्राप्त हुने वहाल बिरौटी कर ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गतको रकम प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

(३) समितिको कोष रहने रकम क बर्गको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा समितिले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

९. **लेखा तथा लेखापरीक्षण** :

(१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) समितिको लेखा परीक्षण गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(३) कालिञ्चोक गाउँपालिकाले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**१०. सल्लाहकार तथा उप-समिति गठन गर्न सक्ने :**

(१) समितिले आवश्यक सल्लाहकार समिति गठन गर्न सक्ने छ रआफूले गर्नु पर्ने काम गर्न, गराउनको निमित्त आवश्यकता अनुसार विषयगत उप-समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

**११. बैठक भत्ता तथा अन्य सुविधा :**

सदस्यहरूले तोकिए बमोजिम बैठक भत्ता तथा सुविधा पाउनेछन्।

१२. **अधिकार प्रत्यायोजन :**

अध्यक्षले आवश्यकता अनुसार समितिको कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१३. **नेपाल सरकारसँग सम्पर्क :**

समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमार्फत राख्नुपर्नेछ।

१४. **समितिको कार्यालय :**

समितिको कार्यालय कालिञ्चोकको कुरीमा रहनेछ। शाखा कार्यालय आवश्यकता अनुसार राखिने छ।

१५. **सर्वाधिकार रहने:**

यस ऐन अन्तर्गत गठन भएको समितिलाई कालिञ्चोक क्षेत्र, कुरीभित्र सर्म्पूण कार्य गर्ने सर्वाधिकार रहने छ । यस समितिको स्वीकृतिविना कुनै कार्य गर्न पाईने छैन ।

१६. **नियम बनाउने अधिकार** :

समितिले उद्देश्य पूर्तिको लागि आवश्यक अन्य नियमहरू बनाउन सक्नेछ र गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि मात्र त्यस्तो नियमहरू लागु हुनेछ ।

**प्रमाणीकरण मितिः २०७६।०३।१८**

**आज्ञाले,**
**लक्ष्मण कुइँकेल**
**प्रमुख प्रशासकीय अधिकृत**